कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः८७
सोमबार, १६ कात्तिक २०८३
(Monday, 2 Oct. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

kalpristhanews.com
राष्ट्रिय दैनिक
'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

नेपालगन्ज भन्सारबाट तीन महिनामा पाँच अर्ब २४ करोड राजस्व

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १५ कात्तिक



नेपालगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो तीन महिनामा रु पाँच अर्ब २४ करोड बढी राजस्व सङ्कलन गरेको छ।

चालु आर्थिक वर्ष २०८३/८४ को साउन, भदौ र असोज गरी तीन महिनामा रु पाँच अर्ब २४ करोड ८९ लाख ८५ हजार राजस्व सङ्कलन भएको नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी पबित्रकुमार खड्काले बताए।

उनका अनुसार यो राजस्व सङ्कलन कुल लक्ष्यको २०।४ प्रतिशतमात्रै हो। साउनका लागि रु एक अर्ब ८३ करोड ४३ लाख ६८ हजार लक्ष्य रहेकामा रु एक अर्ब ६१ करोड १७ लाख ७३ हजार, भदौमा रु दुई अर्ब नौ करोड ६४ लाख २० हजार लक्ष्य रहेकामा रु एक अर्ब ७४ करोड १२ लाख ५१ हजार र असोज महिनामा रु दुई अर्ब ३५ करोड ८४ लाख ७४ हजार लक्ष्य रहेकामा रु एक अर्ब ८९ करोड चारस लाख सात हजार सङ्कलन भएको छ।

साउन महिनामा मासिक लक्ष्यको ८७.८७ प्रतिशत, भदौमा ८३.०६ र असोजमा लक्ष्यको ८०.३१ प्रतिशत राजस्व सङ्कलन भएको छ। गत आव २०८२/८३ मा आफ्नो लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न नसकेको नेपालगन्ज भन्सार कार्यालयलाई चालु आव २०८३/८४ मा थप रु डेढ अर्ब बढी बढाएर लक्ष्य निर्धारण गरिएको छ।

नेपालगन्ज भन्सार कार्यालयले गत आव २०८२/८३ मा रु २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार राजस्व सङ्कलनका लागि लक्ष्य रहेकामा करिब ८१।८७ प्रतिशत अर्थात् रु २० अर्ब ११ करोड ५५ लाख एक हजारमात्रै असुली गर्न सकेको थियो।

बाँकी ३ पृष्ठमा

बाँकेमा देउवा समुहको जिल्ला अधिवेशन हुँदै

कालपृष्ठ समाचारदाता

नेपालगन्ज,१५ कात्तिक

नेपाली काग्रेसको शेर बहादुर देउवा पक्षले यही कार्तिक १९ गते बाँके जिल्ला अधिवेशन गर्दैछ। आइतबार आयोजित पत्रकार सम्मेलनमा १५औं नियमित महाधिवेशन तयारी समितिका बाँके जिल्ला संयोजक कृष्ण बहादुर कार्कीले वडा, गाउँ, नगर, क्षेत्र हुँदै अब जिल्ला अधिवेशनको तयारीमा जुटेको बताउनु भयो

कार्कीले तत्कालिन दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माको बाल हठका कारण पार्टी दुर्घटनामा परेको आरोप लगाउनु भयो। उहाँले न्यायिकरूपमा १५औं नियमित महाधिवेशनबाट आउने नेतृत्व नै काग्रेसको आधिकारक नेतृत्व हुने दाबी समेत गर्नु भएको छ।

उहाँले भन्नु भयो,'विशेषतिर लागेको धेरैको शरीर उता भए पनि मन यतै छु। पार्टीलाई जोगाउन अहिले हामीहरू न्यायिक लडाइँमा छौं। अदालतले हामीलाई न्याय दिनेमा विश्वस्त छौं। नदिए अर्कै पार्टी खोल्ने वा कसरी अगाडी बढने भन्ने बारेमा छलफल गरेर अगाडी बढछौं।' गगन थापाको नेतृत्वको काग्रेसको निर्वाचनमा प्रतिस्पर्धा गरेर पराजित भएका अधिकांश उम्मेदवारलाई देउवा समुहले किन भित्रयाएको भन्ने प्रश्नमा संयोजकले कार्कीले भन्नु भयो,'अझै पनि हाम्रो धेरै साथीहरू उतै(गगन समुह) मा निर्वाचित भएर विभिन्न पदको नेतृत्व गरिरहनु भएको छ।

बाँकी ३ पृष्ठमा

अहिलेको सरकारले बेथितीलाई निम्त्याईरहेको नेता यादवको आरोप

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १५ कात्तिक

जनता समाजवादी पार्टी (नेपाल)का केन्द्रिय अध्यक्ष उपेन्द्र यादवले जनतालाई अनेक आसा बाँडेर आएको पार्टीले सरकारको नेतृत्व गरिरहँदा सबैतिर निराश मात्र बनाईरहेको आरोप लगाउनु भएको छ।

सरकारको कार्यशैलीले डर र निराशा बढाईरहेको उहाँले बताउनु भएको थियो।

चुनावको बेलामा जनतालाई बाँडेको आश्वासनभन्दा विपरित अहिले सरकारले महंगी, भ्रष्टाचार र बेथितीलाई निम्त्याईरहेको अध्यक्ष यादवको भनाई थियो।

मोर्चाको लुम्बिनी प्रदेश समन्वय समितिले नेपालगन्जमा आइतबार गरेको प्रदेश स्तरीय कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, 'भ्रष्टाचार र कमिसनतन्त्र नियन्त्रणमा छैन, बरु बढ्दै गएको छ, महंगी दुई गुण बढेको छ, गरिव जनता जसले दिनभर काम गरेर भोजन जुटाउँछन्, उनीहरू संकटमा परेका छन्, शिक्षाको गुणस्तर कमजोर हुदै गएको छ, सरकारी स्कुलमा पढाई भईरहेको छैन, सरकारी अस्पतालमा उपचार पाईदैन, स्वास्थ्य बीमा योजना असफल भईरहेको छ, गरिबका लागि यो सरकार साथमा छैन, सुशासनको त नामोनिसान नै छैन।'

बाँकी ३ पृष्ठमा

अम्बे स्टिल कम्पनीमा आगलागी हुँदा ८ जना घाइते



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १५ कात्तिक

जानकी गाउँपालिका-५, बकसपुरस्थित अम्बे स्टिल सरिया कम्पनीमा आगलागी हुँदा ८ जना घाइते भएका छन्।

आइतबार बिहान करिब ०५:४० बजे कम्पनीभित्र फलाम पगाल्ने तीनवटा भट्टी (प्रतिभट्टी २५ टन क्षमताको) मा विद्युत् सर्ट सर्किट भई अचानक आगलागी भएको हो।

आगलागीमा परी घाइते हुनेमा बाँकेका ५ जना र भारतको बहराइच जिल्लाका ३ जना रहेका छन्। घाइतेहरूलाई उपचारका लागि भेरी अस्पताल, नेपालगञ्ज पठाइएकोमा थप उपचारका लागि दुई जनालाई भारतको लखनउ रिफर गरिएको छ।

घाइतेहरूको विवरण:

१. जिल्ला बाँके, जानकी गाउँपालिका-५ बस्ने वर्ष २८ का शिवप्रसाद चमार अवस्था मध्यम।

२. ऐ.ऐ. बस्ने वर्ष २२ का रामदिन हरिजन अवस्था मध्यम।

३. ऐ.ऐ. बस्ने वर्ष २४ का प्रेम धोबी अवस्था सामान्य।

४. ऐ.ऐ. बस्ने वर्ष २९ का दिलीपकुमार यादव अवस्था सामान्य।

५. ऐ.ऐ. बस्ने वर्ष ३५ का लक्ष्मीराम यादव अवस्था सामान्य।

६. भारत, जिल्ला बहराइच, कठौतिया बस्ने वर्ष २९ का राजकुमार निषाद अवस्था सामान्य।

७. ऐ.ऐ. बस्ने वर्ष २४ का नशिव कुमार निषाद अवस्था सामान्य।

८. ऐ.ऐ. बस्ने वर्ष २५ का विनोद कुमार निषाद, अवस्था सामान्य।

आगलागीको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय खजुरा खुर्द, बाँकेबाट प्रहरी वरिष्ठ नायब निरीक्षक लुद्रबहादुर के.सी.को कमान्डमा ५ जनाको प्रहरी टोली घटनास्थलमा खटिएको थियो।

बाँकी ३ पृष्ठमा



आईडी कार्ड
मात्र
रू. १५०/-

सम्पर्क:
मो. ९८५८०४१२१०,९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोझी



प्रिन्ट नेप

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सम्पादकीय

समाचार कक्षमै प्रहरी प्रवेश: प्रेस स्वतन्त्रतामाथि गम्भीर प्रहार

समाचार कक्षबाटै पत्रकारलाई पक्राउ गर्ने प्रहरीको पछिल्लो गतिविधिले नेपालको प्रेस स्वतन्त्रता, नागरिक अधिकार र संवैधानिक शासन व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ । कानुनी प्रक्रिया पूरा नगरी सादा पोसाकका प्रहरी समाचार कक्षमा प्रवेश गरेर पत्रकारलाई नियन्त्रणमा लिन थालेपछि यस घटनाको चौतर्फी विरोध भइरहेको छ । राज्यका सुरक्षा निकायबाटै सञ्चारमाध्यमको कार्यस्थलमा प्रवेश गरी पत्रकारलाई पक्राउ गर्ने कार्य कुनै पनि लोकतान्त्रिक व्यवस्थामा स्वीकार्य हुन सक्दैन ।

प्रहरीले गत शुक्रबार नेपाल प्रेसमा कार्यरत पत्रकार विश्वमणि सुवेदीलाई नयाँबानेश्वरस्थित कार्यालयको समाचार कक्षबाट नियन्त्रणमा लिएको छ । त्यसैगरी, सोही दिन नयाँपत्रिका दैनिकको कार्यालयमा पनि अपराध अनुसन्धान कार्यालय, ठेकुबाट आएको भन्दै पाँच जना सादा पोसाकका प्रहरी पुगेका थिए । नयाँपत्रिकाका सम्पादक खगेन्द्र पन्तका अनुसार प्रहरीले संवाददाता नवराज मैनालीलाई साइबर ब्युरोमा लैजानुपर्ने भन्दै खोजी गरेको थियो । यसै दिन मोटिभेट न्युजका पत्रकार शोभराज बराललाई पनि प्रहरीले नियन्त्रणमा लिएको थियो ।

यी घटनाले पत्रकारिता क्षेत्रलाई त्रसित बनाउने मात्र होइन, राज्यले प्रेस स्वतन्त्रताप्रति देखाउनुपर्ने संवेदनशीलता र जिम्मेवारीमाथि समेत प्रश्न उठाएका छन् । कुनै समाचार वा त्यसको स्रोतप्रति प्रहरीलाई चासो भए कानुनले निर्धारण गरेको प्रक्रियाबाट अनुसन्धान गर्न सकिन्छ । तर समाचार कक्षमै प्रवेश गरेर पत्रकारलाई नियन्त्रणमा लिने शैलीले स्वतन्त्र पत्रकारिताको वातावरण कमजोर बनाउँछ ।

नेपाल पत्रकार महासंघले घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै समाचार कक्षबाट पत्रकारलाई पक्राउ गर्ने कार्य तत्काल रोक्न सरकारसँग आग्रह गरेको छ । महासंघका महासचिव रामप्रसाद दाहालले समाचार कक्षबाटै पत्रकारलाई नियन्त्रणमा लिने कार्यलाई राज्य आतंकको संज्ञा दिएका छन् । उनले संविधान, प्रेस स्वतन्त्रता र अन्तर्राष्ट्रिय कानुनको उल्लंघन हुने यस्ता गतिविधि तत्काल रोक्नुपर्ने धारणा सार्वजनिक गरेका छन् । यस्ता कार्य नरोकिए त्यसविरुद्ध आन्दोलनमा उत्रिनुको विकल्प नरहने उनको चेतावनी छ ।

नेपाल प्रेस काउन्सिलले पनि पक्राउको स्पष्ट कारण नखुलाई, पक्राउ पुर्जी नदेखाई तथा आवश्यक कानुनी प्रक्रिया पूरा नगरी पत्रकारलाई नियन्त्रणमा लिनु गम्भीर आपत्तिको विषय भएको जनाएको छ । काउन्सिलका अनुसार पक्राउको कारण, अदालतको अनुमति र जाहेरीसम्बन्धी विषय स्पष्ट नभएको अवस्थामा पत्रकारलाई नियन्त्रणमा लिनु कानुनी शासनको मर्मविपरीत हो ।

लोकतन्त्रमा प्रेस राज्यको प्रतिपक्षी मात्र होइन, नागरिकको सूचना पाउने अधिकारको पहरेदार पनि हो । पत्रकारले प्रकाशन तथा प्रसारण गरेका समाचारप्रति कसैको असहमति हुन सक्छ । समाचारमा त्रुटि भए त्यसको खण्डन गर्ने, कानुनी उपचार खोज्ने र आवश्यक परे विधिसम्मत अनुसन्धान गर्ने अधिकार सम्बन्धित पक्षलाई हुन्छ । तर समाचार लेखेकै कारण पत्रकारलाई तर्साउने, पक्राउ गर्ने वा समाचार कक्षमा प्रहरी प्रवेश गराएर दबाब सिर्जना गर्ने प्रवृत्ति लोकतान्त्रिक मूल्य र मान्यताविपरीत छ ।

नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको छ । त्यसैले प्रहरी प्रशासनले पनि आफ्नो अधिकार प्रयोग गर्दा संविधान र प्रचलित कानुनको सीमाभित्र रहनुपर्छ । अनुसन्धानका नाममा कानुनी प्रक्रिया मिच्ने वा सञ्चारमाध्यमको स्वतन्त्र कार्यक्षेत्रमा हस्तक्षेप गर्ने छुट कसैलाई छैन । विशेषगरी समाचारको स्रोतको गोपनीयता र पत्रकारको व्यावसायिक स्वतन्त्रताको सम्मान गर्नु राज्यको दायित्व हो ।

सरकारले यी घटनालाई सामान्य प्रहरी कारबाहीका रूपमा लिएर पन्छिन मिल्दैन । पत्रकार पक्राउको आधार, अपनाइएको कानुनी प्रक्रिया र समाचार कक्षमा प्रहरी प्रवेश गर्नुको औचित्यबारे स्पष्ट जवाफ दिनुपर्छ । कानुनविपरीत काम भएको भए त्यसको निष्पक्ष छानबिन गरी जिम्मेवार पक्षलाई जवाफदेही बनाउनुपर्छ ।

प्रेस स्वतन्त्रता कुनै पत्रकार वा सञ्चारमाध्यमको मात्र सरोकारको विषय होइन । यो आम नागरिकको सुसूचित हुने अधिकारसँग प्रत्यक्ष जोडिएको विषय हो । समाचार कक्षलाई प्रहरीको दबाब र धरपकडको क्षेत्र बनाउने हो भने स्वतन्त्र पत्रकारिता मात्र होइन, समग्र लोकतान्त्रिक व्यवस्था नै कमजोर हुनेछ । त्यसैले राज्यले शक्ति प्रदर्शन होइन, विधिको शासनको प्रत्याभूति गर्नुपर्छ । पत्रकारलाई होइन, कानुन उल्लंघन गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याउने निष्पक्ष र पारदर्शी व्यवस्था सुनिश्चित गर्नु नै लोकतान्त्रिक सरकारको वास्तविक जिम्मेवारी हो ।

स्वतन्त्र प्रेस, लोकतन्त्र र राज्य आतंक

डा. केदार कार्की

लोकतन्त्रमा सरकारलाई प्रश्न गर्नु अपराध होइन, पत्रकारिताको आधारभूत जिम्मेवारी हो । तर जब प्रश्न सोध्ने पत्रकारमाथि दबाब सिर्जना हुन्छ, समाचार कक्षमै प्रहरी प्रवेश गर्छ र समाचारको स्रोत खोज्ने नाममा पत्रकारलाई नियन्त्रणमा लिने अवस्था आउँछ, तब प्रश्न केवल प्रेस स्वतन्त्रताको रहँदैन । त्यो लोकतन्त्रको भविष्य, नागरिकको सुसूचित हुने अधिकार र राज्यको चरित्रसँग जोडिएको गम्भीर विषय बन्छ ।

काठमाडौँका विभिन्न सञ्चारगृहका समाचार कक्षमा सादा पोसाकका प्रहरी अचानक प्रवेश गरी पत्रकारलाई नियन्त्रणमा लिएको र केरकार गरेको भनिएका घटनाले नेपाली लोकतन्त्रको अभ्यासमाथि गम्भीर प्रश्न उठाएका छन् । नेपाल प्रेस, नयाँ पत्रिका र दियो पोस्टलगायतका सञ्चारमाध्यमसँग सम्बन्धित भनिएका यस्ता घटनाले पत्रकारिताको स्वतन्त्रता र राज्यशक्तिको प्रयोगबीचको सीमाबारे बहस सिर्जना गरेका छन् ।

प्रहरीले कानुन कार्यान्वयन गर्नु उसको जिम्मेवारी हो । तर कानुन कार्यान्वयनका नाममा सञ्चारगृहमा अनावश्यक हस्तक्षेप गरिन्छ, पत्रकारलाई भयभीत बनाइन्छ वा आलोचनात्मक समाचार प्रकाशित गरेकै आधारमा लक्षित गरिन्छ भने त्यो लोकतान्त्रिक व्यवस्थाका लागि शुभ सङ्केत हुन सक्दैन । प्रेस स्वतन्त्रता कुनै सरकारको कृपा होइन। यो नागरिकको मौलिक अधिकार र लोकतान्त्रिक व्यवस्थाको आधारभूत आवश्यकता हो ।

लोकतन्त्रको चौथो स्तम्भमाथि प्रश्न पत्रकारलाई कहिले कलमका सिपाही भनिन्छ, कहिले सत्यका पहरेदार । वास्तवमा पत्रकार केवल समाचार लेख्ने व्यक्ति होइनन् । उनीहरू समाजको आवाज हुन् । उनीहरूले नागरिकका समस्या उजागर गर्छन्, शक्तिमा रहेकाहरूलाई प्रश्न गर्छन् र सार्वजनिक सरोकारका विषयलाई बहसमा ल्याउँछन् । यसै कारण प्रेसलाई लोकतन्त्रको चौथो स्तम्भ भनिएको हो ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा पत्रकारिताले निर्वाह गरेको भूमिका ऐतिहासिक छ। विशेषगरी २०६२/०६३ सालको जनआन्दोलनमा सञ्चारमाध्यमहरूले जनतालाई सुसूचित, सचेत र एकताबद्ध बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए।तत्कालीन शाही शासनका प्रतिबन्ध, दबाब र नियन्त्रणका बीच पनि पत्रकारहरूले लोकतन्त्रको पक्षमा आवाज उठाएका थिए। त्यस समयको पत्रकारिताले प्रमाणित गरेको थियो कि कलमको शक्ति कुनै हतियारभन्दा कमजोर हुँदैन । तर विडम्बना, लोकतन्त्र स्थापनाका लागि सङ्घर्ष गरेका सञ्चारमाध्यमहरूले लोकतान्त्रिक व्यवस्थामै असुरक्षाको अनुभव गर्नुपर्ने अवस्था सिर्जना हुनु चिन्ताजनक विषय हो ।

समाचार कक्षमा प्रहरी प्रवेशले दिने सन्देश सञ्चारगृहको समाचार कक्ष सामान्य कार्यालय मात्र होइन । त्यो सार्वजनिक सरोकारका सूचना सङ्कलन, तथ्य परीक्षण, सम्पादन र प्रकाशन गर्ने संवेदनशील स्थान हो । त्यहाँ पत्रकार, सम्पादक, समाचारका स्रोत र सार्वजनिक महत्त्वका दस्तावेजसँग सम्बन्धित सूचनाहरू हुन सक्छन् । यस्तो स्थानमा पर्याप्त कानुनी आधार, स्पष्ट प्रक्रिया र आवश्यक सावधानीबिना प्रहरी प्रवेश गर्दा

पत्रकारिताको स्वतन्त्रतामाथि प्रतिकूल प्रभाव पर्न सक्छ। विशेषगरी समाचारको स्रोत पत्ता लगाउने, आलोचनात्मक समाचार रोक्ने वा पत्रकारलाई मनोवैज्ञानिक दबाब दिने उद्देश्यले कुनै कारबाही गरिएको हो भने त्यो गम्भीर लोकतान्त्रिक विचलन हो । यसले पत्रकारलाई मात्र होइन, सम्पूर्ण समाजलाई एउटा खतरनाक सन्देश दिन सक्छ–सत्तालाई प्रश्न गर्दा राज्यशक्तिको सामना गर्नुपर्ने हुन सक्छ। यस्तो मनोवैज्ञानिक प्रभावलाई पत्रकारिताको भाषामा 'चिलिङ इफेक्ट' अर्थात् भयका कारण स्वतन्त्र अभिव्यक्ति र सूचना प्रवाहमा आउने सङ्कुचन भनिन्छ ।

प्रेस स्वतन्त्रता र नागरिकको जान्ने अधिकार प्रेस स्वतन्त्रता पत्रकारहरूको व्यक्तिगत सुविधा वा विशेषाधिकार होइन । यो प्रत्येक नागरिकको सत्यतथ्य जानकारी प्राप्त गर्ने अधिकारसँग जोडिएको विषय हो । नेपालको संविधानको धारा १७ ले विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरेको छ । धारा १९ ले सञ्चारको हक र धारा २७ ले सूचनाको हक प्रत्याभूत गरेको छ । संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्धता व्यक्त गरिएको छायी संवैधानिक व्यवस्थाहरूको मूल उद्देश्य नागरिकले निर्भय रूपमा विचार व्यक्त गर्न, सूचना प्राप्त गर्न र सार्वजनिक महत्त्वका विषयमा बहस गर्न सकून् भन्ने हो । यदि पत्रकारहरू नै भयमुक्त भएर काम गर्न सक्दैनन् भने नागरिकसम्म स्वतन्त्र र विश्वसनीय सूचना कसरी पुग्छ?यदि सरकारका कमजोरी, सार्वजनिक निकायका अनियमितता र शक्तिशाली व्यक्तिका गलत कार्यबारे प्रश्न उठाउन कठिन हुन्छ भने लोकतन्त्रमा जवाफदेहिता कसरी कायम हुन्छ ? त्यसैले प्रेस स्वतन्त्रताको संरक्षण गर्नु भनेको पत्रकारको मात्र संरक्षण गर्नु होइन, नागरिकको अधिकार सुरक्षित गर्नु पनि हो ।

कानुनी राज्य कि शक्तिको प्रदर्शन ?

लोकतान्त्रिक व्यवस्थामा कुनै पनि व्यक्ति वा संस्था कानुनभन्दा माथि हुँदैन । पत्रकार र सञ्चारमाध्यम पनि कानुनप्रति उत्तरदायी हुन्छन्।तर कानुनको कार्यान्वयन विधिसम्मत, पारदर्शी र अनुपातिक हुनुपर्छ।सञ्चारमाध्यममा प्रकाशित सामग्रीप्रति असहमति भएमा त्यसको प्रकृतिअनुसार खण्डन, सुधार, प्रेस काउन्सिलमार्फत उजुरी वा अन्य कानुनी उपचारका बाटाहरू उपलब्ध छन् ।

यद्यपि सबै प्रकारका उजुरी प्रेस काउन्सिलको क्षेत्राधिकारमा मात्र सीमित हुँदैनन् । सम्भावित फौजदारी अपराधको अनुसन्धान गर्ने अधिकार सम्बन्धित निकायलाई हुन्छ । तर त्यस्तो अनुसन्धानमा पनि संविधान, कानुन, पत्रकारको अधिकार र समाचार स्रोतको गोपनीयताको सम्मान गरिनुपर्छ ।

प्रहरी शक्तिको प्रयोग आलोचनात्मक आवाजलाई कमजोर पार्ने साधन बन्नु हुँदैन । लोकतन्त्रका वास्तविक परीक्षा सरकारको प्रशंसा हुँदा होइन, सरकारको आलोचना हुँदा हुन्छ । आलोचनालाई सहज रूपमा स्वीकार गर्ने सरकार लोकतान्त्रिक हुन्छ । आलोचनालाई नियन्त्रण गर्न राज्यशक्ति प्रयोग गर्ने प्रवृत्तिले भने अधिनायकवादी चरित्रको सङ्केत दिन सक्छ । प्रेसमाथिको दबाबले निरंकुशताको स्मरण नेपालको राजनीतिक इतिहासमा प्रेसमाथि प्रतिबन्ध, सेन्सरशिप र पत्रकारमाथि धरपकड भएका घटनाहरू नयाँ होइनन् । विशेषगरी निरंकुश शासनकालमा स्वतन्त्र पत्रकारितालाई नियन्त्रण गर्ने प्रयास भएका थिए । त्यसैले आज लोकतान्त्रिक व्यवस्थामा पनि सञ्चारगृहमा प्रहरी हस्तक्षेपको प्रश्न उठ्दा विगतका ती घटनाहरूको स्मरण हुनु स्वाभाविक हो ।

लोकतन्त्र केवल निर्वाचन गराउने प्रणाली होइन। यो विचारको स्वतन्त्रता, असहमतिको सम्मान, कानुनको शासन र नागरिक अधिकारको संरक्षणमा आधारित व्यवस्था हो । यदि पत्रकारले समाचार लेख्नुअघि प्रहरी कारबाहीको डर मान्नुपर्ने अवस्था आयो भने लोकतन्त्रको संस्थागत विकास कमजोर हुन सक्छ।सत्ताको आलोचना गर्नु राज्यविरोधी गतिविधि होइन । बरु लोकतन्त्रमा आलोचना र प्रश्नले सरकारलाई थप उत्तरदायी बनाउन सहयोग गछ । डिजिटल युगमा स्वतन्त्र र जिम्मेवार पत्रकारिताको आवश्यकता आज सामाजिक सञ्जाल र डिजिटल प्रविधिले सूचना प्रवाहको स्वरूप परिवर्तन गरिदिएको छ । हरेक नागरिकले आफ्नो विचार सार्वजनिक गर्न सक्छन् । सूचना केही क्षणमै लाखौँ मानिससम्म पुग्न सक्छ । तर यससँगै गलत सूचना, अफवाह, भ्रामक सामग्री र अपुष्ट समाचारको चुनौती पनि बढेको छ ।

यस्तो अवस्थामा व्यावसायिक, जिम्मेवार र स्वतन्त्र पत्रकारिताको आवश्यकता झन् बढेको छ । पत्रकारिताको मूल आधार तथ्यको परीक्षण, निष्पक्षता, विश्वसनीयता र सार्वजनिक हितप्रतिको प्रतिबद्धता हो।प्रेस स्वतन्त्रता असीमित अधिकार होइन । यससँगै नैतिकता,जवाफदेहिता र कानुनी जिम्मेवारी पनि जोडिएका हुन्छन्।तर पत्रकारितामा भएका कमजोरी सुधार्ने उपाय दमन होइन । पारदर्शी नियमन, व्यावसायिक आचारसंहिताको पालना र कानुनी प्रक्रियाको सम्मान नै उपयुक्त बाटो हो ।सरकार र पत्रकारिताबीचको सम्बन्ध लोकतन्त्रमा सरकार र पत्रकारिता एकअर्काका शत्रु होइनन् । सरकारको जिम्मेवारी जनताकोहितमा नीति निर्माण र कार्यान्वयन गर्नु हो । पत्रकारिताको जिम्मेवारी ती नीतिको प्रभाव, कमजोरी र उपलब्धिबारे नागरिकलाई जानकारी गराउनु हो । सरकारले गरेका राम्रा कामलाई जनतासम्म पुऱ्याउनु पनि पत्रकारिताको दायित्व हो । त्यसैगरी गलत निर्णय, अनियमितता र

अधिकार दुरूपयोगमाथि प्रश्न उठाउनु पनि पत्रकारिताकै जिम्मेवारी हो ।

पत्रकारिताले सरकार र नागरिकबीच पुलको काम गर्छ।तर त्यो पुल स्वतन्त्र हुनुपर्छ । सरकारको नियन्त्रणमा रहेको पत्रकारिताले नागरिकको वास्तविक आवाज प्रतिनिधित्व गर्न सक्दैन । सत्ता परिवर्तन हुन सक्छ, सरकार बदलिन सक्छ, राजनीतिक नेतृत्व फेरिन सक्छ । तर नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार कुनै पनि सरकारको इच्छाअनुसार बदलिनु हुँदैन ।

लोकतन्त्र जोगाउने जिम्मेवारी कसको ?

प्रेस स्वतन्त्रताको संरक्षण गर्ने जिम्मेवारी पत्रकार र सञ्चारमाध्यमको मात्र होइन । सरकार, संसद्,न्यायपालिका, सुरक्षा निकाय, नागरिक समाज र आम नागरिक सबैको साझा दायित्व हो । सरकारले सञ्चारमाध्यमको स्वतन्त्रताको सम्मान गर्नुपर्छ । सुरक्षा निकायले पत्रकारितासँग सम्बन्धित संवेदनशील विषयमा कानुनी प्रक्रिया र अधिकारको संरक्षण सुनिश्चित गर्नुपर्छ । न्यायपालिकाले मौलिक अधिकारको रक्षामा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ ।

पत्रकारहरूले पनि आफ्नो व्यावसायिक जिम्मेवारी, तथ्यप्रतिको निष्ठा र आचारसंहिताको पालना गर्नुपर्छ । स्वतन्त्र प्रेस र जिम्मेवार पत्रकारिता एकअर्काका विरोधी होइनन्, परिपूरक हुन् । समाचार कक्षमा त्रास होइन, स्वतन्त्रताको वातावरण चाहिन्छ ।

काठमाडौँका सञ्चारगृहमा प्रहरी प्रवेश र पत्रकारमाथि भएको भनिएको हस्तक्षेपले एउटा आधारभूत प्रश्न उठाएको छ–लोकतन्त्रमा राज्यको शक्ति नागरिकको आवाज सुरक्षित गर्न प्रयोग भइरहेको छ कि आलोचनात्मक आवाजलाई कमजोर बनाउन ?

यो प्रश्नको उत्तर केवल सरकारी स्पष्टीकरणबाट प्राप्त हुँदैन । घटनाको निष्पक्ष छानबिन, कानुनी प्रक्रियाको पारदर्शिता र प्रेस स्वतन्त्रताप्रतिको व्यवहारिक प्रतिबद्धताबाट मात्र प्राप्त हुन्छ । प्रेस स्वतन्त्रता कमजोर हुँदा पत्रकार मात्र कमजोर हुँदैनन्, नागरिकको सुसूचित हुने अधिकार पनि कमजोर हुन्छ ।

जब नागरिकले स्वतन्त्र रूपमा सत्य थाहा पाउन सक्दैनन्, तब लोकतन्त्रको आधार नै कमजोर हुन थाल्छ । पत्रकारिताको मूल उद्देश्य कुनै व्यक्ति वा सरकारको प्रशंसा गर्नु होइन । सत्यको खोजी गर्नु, सार्वजनिक हितको रक्षा गर्नु र शक्तिलाई जवाफदेही बनाउनु हो ।

लोकतन्त्रमा समाचार कक्ष प्रहरीको त्रास फैलाउने स्थान होइन, सत्यको खोजी गर्ने स्वतन्त्र स्थान हुनुपर्छ । कलमलाई प्रश्न गर्न दिनु नै लोकतन्त्रको सम्मान हो । प्रश्न गर्ने कलमलाई डर देखाएर होइन, प्रश्नको जवाफ दिएर लोकतन्त्र बलियो बनाउन सकिन्छ ।

सिक्टा र बबई आयोजनाबाट थप १५० हेक्टरमा सिँचाइ सुविधा

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १५ कात्तिक



राष्ट्रिय गौरवका सिँचाइ आयोजनाहरूले नयाँ क्षेत्रमा सिँचाइ सुविधा पुर्याउन थालेका छन्। जलस्रोत तथा सिँचाइ विभागका अनुसार सिक्टा सिँचाइ आयोजना बाँकेले थप १०० हेक्टर र बबई सिँचाइ आयोजना बर्दियाले थप ५० हेक्टर जमिनमा सतह सिँचाइ सुविधा पुर्याएको हो।

सिक्टा आयोजनाले रु ५४ करोड तीन लाख लागत अनुमानका चार वटा बोलपत्र आह्वान गरिसकेको छ। पुस मसान्तसम्म रु दुई अर्ब ४८ करोड ३० लाख बराबरका १७ वटा बोलपत्र आह्वान गर्ने र ३०० हेक्टरमा सिँचाइ पुर्याउने लक्ष्य आयोजनाले राखेको छ। बबई आयोजनाले पनि पुस मसान्तसम्म ३०० हेक्टरमा सिँचाइ पुर्याउने लक्ष्य लिएको विभागका सूचना अधिकारी रामप्रसाद पौडेलले बताए।

रानी जमराको भौतिक प्रगति १५ प्रतिशत पुग्यो

विभागका अनुसार रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुर (कैलाली) ले रु एक अर्ब ३३ करोड ३५ लाख लागत अनुमानका ६ वटा बोलपत्र आह्वान गरेको छ। आयोजनाको भौतिक प्रगति साउनमा आठ प्रतिशत रहेकामा भदौ मसान्तसम्म १५ प्रतिशत पुगेको छ। वित्तीय प्रगति पनि सोही अवधिमा ५.२५ प्रतिशतबाट बढेर ११.४३ प्रतिशत पुगेको छ। आयोजनाले पुस मसान्तसम्म रु दुई अर्ब ३० करोड बराबरका १२ वटा बोलपत्र आह्वान गर्ने, १.५ किलोमिटर तटबन्ध बनाउने र १६० हेक्टर जग्गा उकास गर्ने लक्ष्य राखेको छ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाले भदौ मसान्तसम्म ३.४ प्रतिशत भौतिक र ३.४९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ। आयोजनाले पुस मसान्तसम्म रु ६१ करोड बराबरका चार वटा बोलपत्र आह्वान गर्ने योजना बनाएको छ। सुनकोशी मरिन डाइभर्सन आयोजनामा भने पुस मसान्तसम्म ९७ हेक्टरमा लिफ्ट सिँचाइ र ६.१८ किलोमिटर तटबन्धको लक्ष्य राखिएको छ।

सरकारी दरभन्दा सस्तोमा धान बेच्न बाध्य दाङका किसान

कालपृष्ठ समाचारदाता

दाङ, १५ कात्तिक

दाङमा धान काटेर घरमा भण्डारण गर्ने उपयुक्त ठाउँ नभएपछि स्थानीय किसान सस्तो मूल्यमै धान बिक्री गर्न बाध्य भएका छन्। तिहार मनाउन खर्च व्यवस्थापन गर्नुपर्ने बाध्यता र भण्डारणको समस्याका कारण खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले निर्धारण गरेको भन्दा निकै कम मूल्यमा उनीहरूले धान बेचिरहेका हुन्।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यस वर्षका लागि मोटा धानको मूल्य प्रतिक्विन्टल ३ हजार ६६० रूपैयाँ र मध्यम धानको मूल्य ३ हजार ८६० रूपैयाँ निर्धारण गरेको छ। तर दङ्गीशरण गाउँपालिका-३ रावत गाउँकी किसान माइली चौधरीका अनुसार सरकारी मूल्यभन्दा ५०० देखि ६०० रूपैयाँसम्म सस्तोमा व्यापारीहरूले धान खरिद गरिरहेका छन्।

आफ्नो बाध्यता पोख्दै चौधरीले भनिन्, 'यस वर्ष धान प्रशस्त फलेको छ। खाद्यले उत्पादित धान कहिल्यै खरिद गर्दैन, घरमा भण्डारण गर्ने ठाउँ पनि छैन। तिहारको खर्च जुटाउन पनि गाह्रो भएकाले गाउँका व्यापारीलाई प्रतिक्विन्टर ३ हजारका दरले बिक्री गरिरहेका छौं।' सरकारले प्रत्येक वर्ष महँगो मूल्यमा धान खरिद गर्ने सुने पनि अहिलेसम्म यहाँका कुनै किसानले सो मूल्य पाउन नसकेको उनको दाबी छ।

स्थानीय सरकारले चासो नदिँदा व्यापारीलाई सस्तो मूल्यमा धान बेच्नुपरेको सोही गाउँका अर्का किसान नवीन अधिकारीले बताए। मौसम बिग्रेका कारण आफूसहित गाउँका धेरै किसानले बिहीबार रातभरि थ्रेसर प्रयोग गरी तयार पारेको धान खेतबाटै प्रतिक्विन्टल ३ हजार १०० रूपैयाँका दरले बेचेको उनले जानकारी दिए। वर्षभरिको मिहिनेतमा किसानले घाटा सहनुपरेको भन्दै अधिकारीले अधिकांश मध्यम र निम्नस्तरका किसानले चाडपर्वको खर्च जुटाउन धान बेच्न हतारिएको बताए। सरकारले समर्थन मूल्य तोके पनि व्यापारीले मनपरी भाउ राख्दा किसान मर्कामा परेको उनको भनाइ छ।

दाङको देउखुरी क्षेत्रका अधिकांश किसानले दसैँअगाडि नै धान भित्र्याइसकेका छन् भने दाङ उपत्यकाका किसानले अहिले धान काट्ने र भित्र्याउने काम गरिरहेका छन्।

सरकारी तवरबाट भने धान खरिदको कोटा नतोकिँदा ढिलाइ भएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड तुलसीपुरका निमित्त प्रमुख शक्तिराम डाँगीले केन्द्रबाट धानको मूल्य निर्धारण भए पनि खरिद कोटा अहिलेसम्म नआएको जानकारी दिए। केन्द्रबाट कोटा तोकिएको पत्र आउनासाथ खरिद प्रक्रिया सुरु गर्ने उनले बताए। गत वर्ष देउखुरी क्षेत्रका तीन स्थानीय तहको समन्वयमा धान खरिद गरिएको स्मरण गराउँदै डाँगीले कोटा थोरै हुँदा सबै पालिकामा पुग्न कठिन हुने स्पष्ट पारे। जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार दाङमा कुल ७४ हजार ३३६ हेक्टर खेतीयोग्य जमिनमध्ये ३७ हजार २२५ हेक्टरमा धानखेती गरिएको छ।

यसैबिच बङ्गालको खाडीमा विकसित 'अर्नब' चक्रवातका कारण जिल्लाको मौसम प्रतिकूल बनेपछि खेतमा काटेर राखिएको धान नोक्सान हुने चिन्ता बढेको छ। केही दिनदेखि किसानले धान काटेर सुरक्षित ठाउँमा राख्ने प्रयास गरे पनि सबैतिर भित्र्याउन सकिएको छैन। हिजो बिहानैदेखि जिल्लामा निरन्तर झरी परिरहेकाले किसानहरू थप समस्यामा परेका छन्।

नापी कार्यालयद्वारा ४८ लाख राजस्व सङ्कलन

कालपृष्ठ समाचारदाता

दाङ, १५ कात्तिक

दाङस्थित नापी कार्यालय तुलसीपुरले एक वर्षमा ४८ लाख बढी राजस्व सङ्कलन गरेको छ। कार्यालयका सूचना अधिकारी प्रेमबहादुर खड्काका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा रु ४८ लाख सात हजार ४६५ राजस्व सङ्कलन भएको छ।

जसमा नक्सा बिक्रीबाट रु २२ लाख २९ हजार ४७५, फिल्ड रेखाङ्कन तथा कित्ता एकीकरण सेवाबाट रु २४ लाख ८४ हजार २६५ र अन्य प्रशासनिक सेवा शुल्कबापत रु ९३ हजार ७२५ असुली भएको छ।

कार्यालयले फिल्ड किताब उतारतर्फ एक हजार १७३ वटा निवेदनमध्ये शतप्रतिशत तामेली भएको छ भने क्षेत्रफल जाँचतर्फ ५४ वटै निवेदनको काम भएको सूचना अधिकारी खड्काले बताए।

त्यसैगरी, नक्सा प्रिन्टतर्फ साधारण निवेदनमार्फत २२ हजार ३५ वटा र 'मेरो कित्ता' प्रणालीमार्फत २२७ वटा काम भएका छन्। सूचना अधिकारी खड्काका अनुसार फिल्ड रेखाङ्कनका २५९ निवेदनमध्ये २३८ वटाको काम तामेली भएका छन् भने २१ वटा बाँकी रहेका छन्।

त्यस्तै कित्ता एकीकरणका १२३ वटै निवेदनको शतप्रतिशत काम सम्पादन भएको छ। जग्गा कित्ताकाट सेवातर्फ अधिकांशको काम फछ्यौंट भएको छ। राजीनामातर्फ प्राप्त तीन हजार ३६५ लिखतमध्ये तीन हजार ३५७ वटाको कित्ताकाट तामेली भई आठ वटा मात्र बाँकी रहेका छन्। त्यस्तै अंशबन्डातर्फ ४४३ लिखतमध्ये ५४० वटा, अदालत फैसलातर्फ ५६ लिखतमध्ये ५४ र हालको बकसपत्रतर्फ ४१८ लिखतमध्ये ४१६ वटाको काम तामेली भएका छन्।

कार्यालयले राजस्व अनलाइन प्रणालीबाट लिने गरिएको छ भने बैंक तथा वित्तीय संस्थालाई आवश्यक नक्सा अनलाइनमार्फत नै उपलब्ध गराउने गरिएको छ।

पहिलो पृष्ठबाट बाँकी

नेपालगन्ज ...

गत आवमा रु २० अर्ब ११ करोड राजस्व असुली गरेको नेपालगन्ज भन्सारलाई चालु आव २०८३/८४ मा रु २६ अर्ब २० करोड ५२ लाख ६५ हजार लक्ष्य निर्धारण गरिएको छ। जुन गत आवको वास्तविक असुलीभन्दा रु छ अर्बभन्दा बढी र गत आवको लक्ष्यभन्दा रु एक अर्ब ६५ करोड बढी हो।

नेपालगन्ज भन्सार कार्यालयबाट इन्धन, ट्याक्टर तथा ट्रिलर, पोलिथिन दाना, चामल, खाद्यान्न, फलामलगायतका वस्तुको आयात बढी हुने गरेको छ भने जडीबुटीलगायतका वस्तु तथा सामान निकासी हुने गरेको छ। राजस्व सङ्कलनको वार्षिक लक्ष्य पूरा गर्नका लागि आवश्यक कार्ययोजना बनाइएको सूचना अधिकारी खड्काले बताए।

बाँकेमा ...

मन यता भएपनि उता गएर चुनाव लडेका साथीलाई पनि हामीले समेटेर जाने अभ्यास गरिरहेका छौं।'

आइबार क्षेत्रीय अधिवेशनबाट निर्वाचित भएर आउनु भएको महाधिवेशन प्रतिनिधिलाईहरूलाई समेत प्रमाणपत्र प्रदान गरिएको थियो।

अहिलेको...

सरकार विदेशी ऋणबाट चलिरहेको पुर्वउपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले आरोप लगाउनु भयो। विगतमा कांग्रेस र कम्युनिष्टको शासन कालमा जस्तै जनताहरू अहिले वर्तमान सरकारबाट आजित भईरहेको उहाँले बताउनु भयो।

अम्बे ...

नेपालगन्ज उप-महानगरपालिकाका दुई र कोहलपुर नगरपालिकाको एक दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा स्थानीयवासीको सहयोगमा बिहान ०८:१५ बजे आगो पूर्ण रूपमा नियन्त्रणमा आएको छ।

बिहान ०८:४५ बजे घाइते शिवप्रसाद चमार र रामदिन हरिजनलाई थप उपचारका लागि भारतको लखनउ रिफर गरिएको छ। आगलागीबाट भएको अन्य क्षतिको विवरण खुल्न बाँकी रहेको छ।





समाचार र विचारको स्वतन्त्र संवाहक

kalpristhanews.com

डकार युथ ओलम्पिकमा आर्या र अभिवले बोके नेपालको झन्डा

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १५ कात्तिक



डकार युथ ओलम्पिकको उद्घाटन समारोहमा भएको मार्चपास्टमा नेपालको झन्डा बोक्ने गौरव पौडी खेलाडीद्वय आर्या महर्जन र अभिव प्रधानले पाउनुभएको छ। यी दुवैले हालै सम्पन्न आइची नागोया एसियाली खेलकुदमा पनि नेपालको प्रतिनिधित्व गर्नुभएको थियो।

अफ्रिकी भूमिमा पहिलो पटक ओलम्पिक इभेन्ट हुँदैछ। सेनेगलको डकारमा शनिबार मध्यराति रङ्गीचङ्गी, झकिझकाउ कार्यक्रमबीच डकार युथ ओलम्पिकको उद्घाटन समारोह सम्पन्न भएको थियो। जसमा नेपालसहित २०४ राष्ट्र र युथ रेफुजी ओलम्पिक टिमले पनि मार्चपास्ट गरेका थिए।

डकार युथ ओलम्पिक अक्टोबर ३१ देखि नोभेम्बर १३ सम्म हुनेछ। प्रतियोगितामा नेपालले पौडी, उसु र जुडो गरी तीन खेलमा सहभागिता जनाउनेछ।

नेपाली टिमको सेफ दि मिसनमा एनओसीका उपमहासचिव रामजीबहादुर श्रेष्ठ हुनुहुन्छ यसैगरी एनओसीका सचिव भीमसिंह गुरुङ अफिसियलको भूमिकामा हुनुहुन्छ। नेपाली टोलीमा पौडीतर्फ प्रशिक्षक शंकर कार्की तथा खेलाडी अभिव र आर्या रहनुभएको छ।

उसु खेलमा लानम लामाको प्रशिक्षकत्वमा खेलाडी रश्मि तामाङले खेल्नुहुनेछ। जुडोका शुभानन तिमिल्सिना प्रतियोगितामा सहभागी हुनुहुनेछ। डकार युथ ओलम्पिकमा करीब २६५० युवा खेलाडीको सहभागिता रहेको छ। यस युथ ओलम्पिकमा २५ प्रतिस्पर्धात्मक र १० इन्नोजमेन्ट खेल समावेश छन्। डकार युथ ओलम्पिक सेनेगलका तीन शहर डकार, डियामनियाडो र सालीमा खेलाइनेछ।

एनएफएलमा तीन नयाँ क्लब थपिने

कालपृष्ठ समाचारदाता

काठमाडौं, १५ कात्तिक

नेपाल फुटबल लिग (एनएफएल) ले तीन नयाँ क्लब थप्ने प्रक्रिया अघि बढाएको छ। लिगले विराटनगर, धरान, जनकपुर, वीरगञ्ज, हेटौंडा, भक्तपुर, नेपालगञ्ज र सुर्खेतलगायत सहरलाई आफ्नो प्रतिनिधित्व गर्ने फुटबल क्लब स्थापनाका लागि बोलपत्र पेस गर्न शुक्रबार आह्वान गरेको हो।

नयाँ क्लबका लागि बोलपत्र पेस गर्ने अन्तिम मिति १६ नोभेम्बर २०२६ अर्थात् ३० कात्तिक २०८३ तोकिएको छ। बोलपत्र फारामको शुल्क ५० हजार रूपैयाँ निर्धारण गरिएको छ।

नयाँ क्लबका लागि आवेदन दिने इच्छुक पक्षले आफ्नो व्यावसायिक तथा वित्तीय इतिहास, आगामी १० वर्षको क्लब सञ्चालन योजना र सामाजिक विश्वसनीयतासम्बन्धी विवरण पेस गर्नुपर्नेछ।

यसैबीच, नेपाली फुटबललाई व्यावसायिक दिशातर्फ अघि बढाउने लक्ष्यसहित एनएफएलको पहिलो संस्करण आगामी फागुन १ गतेदेखि सञ्चालन हुने घोषणा भइसकेको छ।

एनएफएलको पहिलो संस्करणमा घरेलु फुटबलका सात पुराना क्लबले यसअघि नै खेल्ने पक्का भइसकेको छ। हाल लिगमा काठमाडौं रेजर्स फुटबल क्लब, ललितपुर सिटी फुटबल क्लब, एफसी चितवन, पोखरा थन्डर्स, बुटवल लुम्बिनी फुटबल क्लब, धनगढी एफसी र झापा एफसी छन्।

रंगशालाको उपलब्धताका आधारमा प्रतियोगिता 'होम एन्ड अवे' प्रणालीमा सञ्चालन गर्ने योजना छ। तयारी अवधिसहित एनएफएल करिब चार महिना सञ्चालन हुनेछ।

एन्फा कार्यसमितिका पदाधिकारीले गरे यु-१५ टिमको स्वागत

कालपृष्ठ समाचारदाता

काठमाडौं, १५ कात्तिक



अजरबैजानमा भएको फिफा यु-१५ विश्वकप तथा फेष्टिबल प्रतियोगिता खेलेर फर्किएको नेपाली टिमलाई अखिल नेपाल फुटबल संघ (एन्फा) ले स्वागत गरेको छ।

आइतबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेर वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काको नेतृत्वमा एन्फा पदाधिकारीले स्वागत गरेका हुन्।

टायर एफमा नेपाल तेस्रो भएको थियो। नेपालले प्लेअफमा ग्रेनाडालाई २-१ ले हराएको हो।

टिमलाई स्वागत गर्न वरिष्ठ उपाध्यक्ष खड्कासहित, उपाध्यक्षद्वय विराटजंग शाही र दीपक खतिवडा तथा निमित्त महासचिव दामोदर भट्टराई (बद्री), तथा सदस्यहरू महेन्द्र क्षेत्री, टिका लामा र मनिष जोशी पुगेका थिए।

यसअघि एन्फाले आफ्ना पदाधिकारीलाई टिम बिहान विमानस्थलमा अवतरण गर्ने हुँदा स्वागत गर्न जान सूचना पठाएको थियो। यद्यपि, अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईसँगै प्रवक्ता सुरेश शाह पनि स्वागतमा सहभागी भएनन्। यसअघि शाह भने निरन्तर नेपाली टिमलाई स्वागत गर्न विमानस्थल पुग्ने गरेका थिए।

यसअघि कात्तिक १३ गते बसेको एन्फाको बहुमत कार्यसमिति बैठकले उत्कृष्ट प्रदर्शन गरेका यु-१५ टिमलाई प्रोत्साहन पुरस्कार तथा सम्मान दिलाउन सरकारसँग अनुरोध गर्ने निर्णय गरेको थियो।

विपिनको कप्तानीमा नेपालले यू-१९ एसिया कप खेल्ने

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १५ कात्तिक

ओमानमा आयोजना हुने यू-१९ एसिया कपका लागि नेपालले १५ सदस्यीय टोली घोषणा गरेको छ। प्रतियोगितामा विपिनप्रसाद शर्माको कप्तानीमा नेपाली टोलीले प्रतिस्पर्धा गर्नेछ।

नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार घोषणा गरेको टोलीमा कप्तान विपिनसहित नीरजकुमार यादव, प्रसिद्ध जैसी, सोहेल कुँवर, दर्श सोनार, रोहित चन्द, निश्चल क्षेत्री, आशीष लुहार, रोशन शाही, सूर्यांशु कोइराला, अभय यादव, सुशीलबहादुर रावल, नितेशकुमार पटेल, शुभम खनाल र सचिन भट्ट छन्।

सन् २०२६ नोभेम्बर ५ देखि १४ सम्म सञ्चालन हुने प्रतियोगितामा आठ टोली सहभागी हुनेछन्। नेपाल समूह 'ए' मा परेको छ। यस समूहमा नेपालसँगै भारत, पाकिस्तान र संयुक्त अरब इमिरेट्स (यूएई) छन्।

त्यस्तै, समूह 'बी' मा अफगानिस्तान, बंगलादेश, श्रीलंका र मलेसिया रहेका छन्।

विज्ञापन दर/रेट सम्बन्धी सूचना

कालपृष्ठ दैनिकमा आ. व. २०८३/०८४ मा प्रकाशन हुने विज्ञापनको दर/रेट निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराईन्छ।

विज्ञापन दर/रेट

पृष्ठ	कलर प्रति सिसि	स्यामस्वेत प्रति सिसि
प्रथम पृष्ठ	रु. ५५०/-	रु. ५००/-
भित्री पृष्ठ	-	रु. ४५०/-
अन्तिम पृष्ठ	रु. ५००/-	रु. ४७५/-
एयर प्यानल	रु. ५०००/-	


ज्याकेट १ पेज रू. ५०,०००/-

नोट : उल्लेखित दर/रेटमा मू.अ. कर समावेश गरिएको छैन।

कालपृष्ठ दैनिक
नेपालगन्ज -२, बाँके

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।